# लिफ्टिङ सिंचाइ प्रणालीमा विद्युत महसुल अनुदानसम्बन्धी मापदण्ड, २०८०

गण्डकी प्रदेश सरकार

ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय

पोखरा

चैत्र, २०८०

गणेशराज घर्ती

सचिव

# लिफ्टिङ सिंचाइ प्रणालीमा विद्युत महसुल अनुदानसम्बन्धी मापदण्ड, २०८०

**प्रस्तावनाः** गण्डकी प्रदेशभित्रका खेतीयोग्य जमिनमा बाह्रैमास सिंचाइ सुविधा पुऱ्याई कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले प्रदेश सरकारको घोषित नीति बमोजिम विद्यमान लिफ्टिङ सिंचाइ प्रणालीमा लाग्ने विद्युत महसुलमा अनुदान उपलब्ध गराउन वाञ्छनीय भएकोले,

बजेट तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ४० को अधिकार प्रयोग गरी ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "लिफ्टिङ सिंचाइ प्रणाली विद्युत महसुल अनुदानसम्बन्धी मापदण्ड, २०८०" रहेको छ।

(२) यो मापदण्ड तुरून्त लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "मन्त्रालय" भन्नाले ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतका खानेपानी/जलस्रोत तथा सिंचाइ विकास डिभिजन वा सब-डिभिजन कार्यालय, भूमिगत जलस्रोत तथा सिंचाइ कार्यालय वा सोही प्रकृतिको काम गर्न स्थापित अन्य विषयगत कार्यालयलाई समेत बुझाउँछ ।

(ग) "लाभग्राही" भन्नाले यस कार्यविधि अनुरूप लिफ्टिङ सिंचाइ प्रणालीमा प्रयोग हुने विद्युत महसुलमा अनुदान प्राप्त गर्ने सिंचाइ योजना वा प्रणालीलाई जनाउँछ।

(घ) "अनुदान" भन्नाले लिफ्टिङ सिंचाइ प्रणालीमा प्रयोग हुने विद्युत महसुलमा प्रदान गरिने छुट/सहुलियत रकम सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिलाई सम्झनुपर्दछ।

(च) "प्राधिकरण" भन्नाले नेपाल विद्युत प्राधिकरण लगायत विद्युत वितरक कम्पनी वा सामुदायिक संस्था, वितरण तथा ग्राहक सेवा निर्देशनालय, गण्डकी प्रादेशिक कार्यालय वा सो अन्तरगतको गण्डकी प्रदेशभित्र कार्यक्षेत्र पर्ने जिल्लास्थित विद्युत वितरण केन्द्र समेतलाई सम्झनु पर्दछ।

(छ) "सामुदायिक विद्युत उपभोक्ता संस्था" भन्नाले ग्रामिण क्षेत्रमा सामुदायिक रूपमा विद्युत वितरण सेवा प्रदान गर्ने उद्देश्यले नेपाल विद्युत प्राधिकरण, सामुदायिक ग्रामिण



गणेशराज पल्ली
सचिव

विद्युत विनियमावली, २०७१ को विनियम ४ बमोजिम स्थापना भएको वितरक संस्थालाई सम्झनु पर्दछ।

(ज) "विद्युत महसुल" भन्नाले यस मापदण्ड बमोजिम विद्युत मिटर जडान भई लिफ्टिङ सिंचाइ प्रणालीमा विद्युत प्रयोग गरे बापत तिर्नुपर्ने रकम सम्झनु पर्दछ।

(झ) "उपभोक्ता समिति" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका समिति र प्रणालीको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नका लागि उपभोक्ताले आफूहरूमध्येबाट गठन गरेको समिति सम्झनु पर्दछ।

(ञ) "नेट हेड" भन्नाले पम्पदेखि ट्यांकी वा ट्यांकी नभएमा माथिल्लो आउटलेटसम्मको ठाडो दूरी (नेट भर्टिकल हेड) सम्झनु पर्दछ।

(ट) "लिफ्टिङ सिंचाइ प्रणाली" भन्नाले कुनै होचो भागमा रहेको पानीको स्रोतबाट कुनै पम्प वा विद्युतीय यन्त्रबाट माथिल्लो भूभागसम्म तानेर सिंचाइ गर्ने प्रक्रियालाई लिफ्टिङ सिंचाइ प्रणाली भनिन्छ। बिषय वा प्रसंगले अन्य अर्थ नलागेमा यसले भूमिगत सिंचाइ प्रणाली समेतलाई बुझाउँछ।

(ठ) "भूमिगत सिंचाइ प्रणाली" भन्नाले डिप वा स्यालो ट्युवेलका माध्यमबाट भूमिगत पानी उपयोग गरी कुनै पम्प वा विद्युतीय यन्त्रबाट माथिल्लो भूभागसम्म तानेर सिंचाइ गर्ने प्रक्रिया सम्झनु पर्दछ।

(ड) "सामुदायिक सिंचाइ प्रणाली" भन्नाले सरकारी प्रयास वा लगानी वा अनुदानमा सामुहिक सिंचाइ प्रयोजनका लागि निर्मित सिंचाइ प्रणाली भन्ने सम्झनुपर्दछ।

(ढ) "मर्मत सम्भार कोष" भन्नाले प्रदेश सिंचाइ ऐन, २०७८ वा संघीय सरकारको प्रचलित कार्यविधिअनुसार योजना कार्यान्वयनको सुरूआती चरणमा कूल लागत अंकको ०.५% प्रतिशतले हुन आउने रकम उपभोक्ताहरूबाट संकलन गरी बैंकमा (मुद्दती वा बचत) खाता खोली स्थापना गरेको सम्बन्धित सिंचाइ प्रणालीको मर्मत सम्भार कोष वा सिंचाइ उपभोक्ताहरूले नियमित रूपमा बार्षिक कूल सिंचित जग्गाको प्रति हेक्टर न्यूनतम रू.१ हजारभन्दा बढीको दरले हुन आउने रकम जम्मा गर्न बहुसंख्यक उपभोक्ताहरूको भेला/ साधारण सभाबाट अनुमोदन गरी अनुदान पाउने आर्थिक वर्षमा नियमित रूपमा रकम जम्मा गरी बैंकमा (मुद्दती वा बचत) खाता खोली जम्मा गरेको सिंचाइ प्रणालीको मर्मत सम्भार कोष भन्ने सम्झनुपर्दछ।

(ण) "कृषि क्षेत्र" भन्नाले सम्बन्धित सिंचाइ प्रणालीबाट सिंचाइ हुने जग्गाको ५० प्रतिशतभन्दा धेरै क्षेत्रफल प्रचलित भू-उपयोग ऐन/नियमावलीअनुसार सम्बन्धित

गणेशराज बस्ती
सचिव

स्थानीय तहले गरेको भूउपयोग क्षेत्र वर्गीकरणमा कृषि क्षेत्रभित्र परेको सिंचित जग्गा सम्झनुपर्दछ ।

## परिच्छेद-२

## समिति सम्बन्धी व्यवस्था

३. निर्देशक समितिः (१) यस कार्यविधि बमोजिम विद्युत महसुलमा अनुदान कार्यक्रम सञ्चालनको लागि मन्त्रालयमा देहायबमोजिम निर्देशक समिति रहनेछः-

(क) मन्त्री, ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय - संयोजक

(ख) सचिव, ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय - सदस्य

(ग) प्रमुख वा प्रतिनिधि, नेपाल विद्युत प्राधिकरण गण्डकी प्रादेशिक कार्यालय - सदस्य

(घ) अर्थ मन्त्रालय, प्रतिनिधि (सिंचाइ क्षेत्र हेर्ने) - सदस्य

(ङ) महाशाखा प्रमुख, जलस्रोत तथा सिंचाइ हेर्ने महाशाखा - सदस्य सचिव

(२) समितिले आवश्यकताअनुसार विषय विज्ञ र सरोकारवालालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिका सदस्यहरूलाई प्रदेश सरकारको खर्चको मापदण्ड बमोजिम बैठक भत्ता उपलब्ध हुनेछ।

(४) निर्देशक समितिको बैठक एक आर्थिक वर्षमा ४ पटकसम्म बस्न सक्नेछ ।

४. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** (१) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) दफा ५ बमोजिमको कार्यक्रम व्यवस्थापन समितिले सिफारिस गरेका प्रणाली र अनुदान रकम आवश्यकताअनुसार स्वीकृत गर्ने,

(ख) अनुदानका लागि मन्त्रालयमा विनियोजन भएको बजेट र कार्यालयले पेस गरेको विवरणको आधारमा कार्यालयहरूलाई अनुदान रकम बाँडफाँड गर्ने,

(ग) कार्यक्रमको प्रभावकारीता हेरी अनुदान रकम परिचालन, व्यवस्थापन तथा अन्य नीतिगत विषयहरूमा कुनै समस्या भएमा मन्त्रालय तथा अन्तर्गतका निकायलाई आवश्यक निर्देशन, सुझाव र सल्लाह दिने,

(घ) अनुदानका लागि विनियोजन रकमको परिचालनसम्बन्धी अनुगमन गर्ने।

५. **कार्यक्रम व्यवस्थापन समितिः** (१) अनुदान कार्यक्रम सञ्चालनका लागि कार्यालयमा देहायबमोजिम कार्यक्रम व्यवस्थापन समिति रहनेछः-

(क) कार्यालय प्रमुख, सम्बन्धित जिल्ला हेर्ने कार्यालय - संयोजक



गणेशराज दली
सचिव

(ख) विद्युत वितरण केन्द्र प्रमुख/प्रतिनिधि, प्रणालीसँग सम्बन्धित विद्युत वितरण केन्द्र - सदस्य

(ग) सम्बन्धित जिल्लाको जिल्ला समन्यव समिति प्रमुखले तोकेको प्रतिनिधि - सदस्य

(घ) जिल्लास्थित कृषि ज्ञान केन्द्रका कार्यालय प्रमुख वा प्रतिनिधि - सदस्य

(ङ) प्रतिनिधि, जिल्लास्थित सामुदायिक विद्युत उपभोक्ता महासंघ - सदस्य

(च) प्रतिनिधि, जिल्लास्थित सिंचाइ जल उपभोक्ता महासंघ - सदस्य

(छ) सिंचाइ हेर्ने इन्जिनियर, सम्बन्धित कार्यालय - सदस्य सचिव

(२) समितिले आवश्यकताअनुसार विषय विज्ञ र सरोकारवालाहरुलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) प्रणालीबाट प्राप्त निवेदनका आधारमा अनुदान रकम निर्देशक समितिमा सिफारिस गर्नेछ।

(४) समितिको बैठक आर्थिक वर्षमा चार पटकसम्म बस्न सक्नेछ।

(५) समितिका सदस्यहरूलाई प्रदेश सरकारको खर्चको मापदण्डबमोजिम बैठक भत्ता उपलब्ध हुनेछ।

६. **कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) यस मापदण्डबमोजिम अनुदानका लागि कार्यालयको स्वीकृत वार्षिक कार्यक्रममा बजेट व्यवस्था भएमा लिफ्टिङ सिंचाइ प्रणालीहरूबाट माग भएको अनुदान रकम बाँडफाँड गर्ने,

(ख) यस मापदण्डबमोजिम अनुदानका लागि कार्यालयको स्वीकृत वार्षिक कार्यक्रममा बजेट व्यवस्था नभएमा वा भएको बजेट पर्याप्त नहुने देखिएमा र सोही प्रयोजनका लागि मन्त्रालयमा बजेट व्यवस्था भएमा लिफ्टिङ सिंचाइ प्रणालीहरूबाट माग भएको अनुदान रकम यकिन गरी स्वीकृत गर्न निर्देशक समिति समक्ष सिफारिस गर्ने,

तर, कार्यक्रम व्यवस्थापन समितिले विद्युत महसुल अनुदानसम्बन्धी शीर्षकमा सम्बन्धित कार्यालयलाई प्राप्त स्वीकृत वार्षिक कार्यक्रम र बजेटभित्र रहेर माग भएका प्रणालीहरूमा अनुदान रकम स्वीकृत वा बाँडफाँड गर्न निर्देशक समिति समक्ष सिफारिस गर्नुपर्ने छैन।

(ग) लाभग्राहीले झुट्टा विवरण पेस गरी अनुदान रकम लिएको वा वास्तविक रूपमा पाउनुपर्नेभन्दा बढी रकम लिएको कुरा पछि आएर प्रमाणित भएमा त्यस्तो रकम सरकारी बाँकीसरह असुल उपर गर्ने तथा न्यूनतम रूपमा अनुदान प्राप्त गरेको

अवधिदेखि अधिकतम रुपमा त्यसको दोब्बर अवधिसम्म उक्त लाभग्राहीलाई कालोसूचीमा दर्ता गर्ने,

(घ) खण्ड (ग) बमोजिमको अवधि सम्पन्न भएपछि कालोसूचीवाट फुकुवा गर्ने,

(ङ) खण्ड (घ) बमोजिम कालो सूचीबाट फुकुवा भएका लाभग्राहीलाई दुई आर्थिक वर्षपछि मात्र अनुदान प्राप्तिका लागि योग्य मानिनेछ,

(च) कार्यक्रमसँग सम्बन्धित सरोकारवाला निकायहरूकाबीच आवश्यक समन्वय गर्ने, कार्यक्रम सञ्चालन सम्बन्धमा आवश्यक निर्णय गर्ने,

(छ) बजेट विनियोजन न्यून भएको अवस्थामा कार्यक्रम व्यवस्थापन समितिले आलोपालो गरी प्रणालीलाई अनुदान रकम प्रदान गर्न वा बहुसंख्यक दलित, लोपोन्मूख समूह, अति सीमान्तकृत, सीमान्तकृत र भौगोलिक रूपले पिछडिएका, अति दुर्गम स्थान, गाउँपालिकाभित्र रहेका र प्रचलित भू-उपयोग ऐन/नियमावली बमोजिम कृषि क्षेत्रभित्रका रुपमा वर्गीकरणमा परेका प्रणालीलाई प्राथमिकता दिनेगरी प्रत्येक आ.व.मा अनुदान रकम बाँडफाँड गराउन सक्नेछ ।

७. **विद्युत महसुल अनुदान वितरणको आधारः** लिफ्टिङ वा भूमिगत सिंचाइ प्रणालीमा विद्युत महसुल अनुदान वितरणको आधार देहायबमोजिम हुनेछः

(क) देहायका सबै आधार पूरा गरेका भूमिगत बाहेकका लिफ्टिङ सिंचाइ प्रणालीलाई शत प्रतिशतसम्म विद्युत महसुल अनुदान प्रदान गरिनेछः-

(१) विद्युत महसुल खपत मासिक रू. १५ हजारसम्म भएको,

(२) मासिक विद्युत महसुल खपत दर सिंचित जग्गाको प्रति हेक्टर रू १ हजारभन्दा कम रहेको,

(३) मर्मत सम्भार कोष स्थापना (प्रमाण पेस) भएको,

(४) सम्बन्धित सिंचाइ प्रणालीको जग्गा कृषि क्षेत्रभित्र परेको भनी सम्बन्धित स्थानीय तह (पालिका) बाट भूउपयोग क्षेत्र वर्गीकरणको अभिलेख कागजात प्रमाणित गरी पठाईएको वा भूउपयोग क्षेत्र वर्गीकरण नभैसकेको भनी सम्बन्धित स्थानीय तह (पालिका) बाट व्यहोरा प्रमाणित गरी पठाईएको ।

(ख) देहायबमोजिमका कुनै आधार पूरा भएका भूमिगत बाहेकका लिफ्टिङ सिंचाइ प्रणालीलाई ८० प्रतिशतसम्म विद्युत महसुल अनुदान प्रदान गरिनेछः-

(१) विद्युत महसुल खपत मासिक रू. २५ हजारसम्म भएको वा मासिक विद्युत महशुल खपत दर सिंचित जग्गाको प्रति हेक्टर २ हजारसम्म रहेको,

गणेशराज घती
सचिव

(२) मर्मत सम्भार कोष स्थापना भएको प्रमाण पेस भएको,

(३) सम्बन्धित सिंचाइ प्रणालीको जग्गा कृषि क्षेत्रभित्र परेको भनी सम्बन्धित स्थानीय तह (पालिका) बाट भूउपयोग क्षेत्र वर्गीकरणको अभिलेख कागजात प्रमाणित गरी पठाईएको वा भूउपयोग क्षेत्र वर्गीकरण भईनसकेको भनी सम्बन्धित स्थानीय तह (पालिका) बाट व्यहोरा प्रमाणित गरी पठाईएको।

(ग) देहायबमोजिमका आधार भएका लिफ्टिङ सिंचाइ प्रणाली र भूमिगत सिंचाइ प्रणालीलाई ६० प्रतिशतसम्म विद्युत महसुल अनुदान प्रदान गरिनेछः-

(१) विद्युत महसुल खपत मासिक रू. २५ हजारभन्दा बढी भएको वा मासिक विद्युत महसुल खपत दर सिंचित जग्गाको प्रति हेक्टर रू २ हजारभन्दा बढी रहेको,

(२) मर्मत सम्भार कोष स्थापना गरेका र कृषि क्षेत्र भित्र वर्गीकरणमा परेका सबै किसिमका सामुदायिक भूमिगत (स्यालो र डिप ट्युवेल) सिंचाइ प्रणाली,

(३) सौर्य र विद्युत दुवै ऊर्जा प्रणाली जडान भएका (मिश्रित) सिंचाइ प्रणाली,

(४) दफा ७ को खण्ड (क) को उपखण्ड (३) र (४) तथा खण्ड (ख) को उपखण्ड (२) र (३) बमोजिम मर्मत सम्भार कोष खडा गर्न नसकेका र कृषि क्षेत्र भित्र वर्गीकरण हुन नसकेर वा अन्य कुनै आधारले शतप्रतिशतदेखि ८० प्रतिशतसम्म महसुल अनुदान प्राप्त गर्नका लागि छनौट हुन नसकेका लिफ्टिङ सिंचाइ प्रणाली ।

(घ) देहायबमोजिमको आधार भएका भूमिगत सिंचाइ प्रणालीलाई ५० प्रतिशतसम्म विद्युत महसुल अनुदान प्रदान गरिनेछः-

(१) दफा ७ को खण्ड (क) को उपखण्ड (३) र (४) तथा खण्ड (ख) को उपखण्ड (२) र (३) बमोजिम मर्मत सम्भार कोष खडा गर्न नसकेका र कृषि क्षेत्रभित्र वर्गीकरण हुन नसकेर शतप्रतिशतदेखि ६० प्रतिशतसम्म महसुल अनुदान प्राप्त गर्नका लागि छनौट हुन नसकेका भूमिगत सिंचाइ प्रणाली ।

(ङ) महसुल अनुदान प्राप्त गर्ने लिफ्टिङ सिंचाइ प्रणालीले पालना गर्नुपर्ने अन्य आधारहरूः

(१) जल उपभोक्ता समिति/उपभोक्ता समिति अनिवार्य रूपमा प्रचलित कानून बमोजिम दर्ता र नियमित रूपमा नवीकरण भएको हुनुपर्नेछ,

(२) प्रत्येक लिफ्टिङ र भूमिगत सिंचाइ प्रणालीमा अनिवार्य रूपमा सिंचाइ प्रयोजनका लागि छुट्टा-छुट्टै विद्युत (ToD वा कृषि) मिटर जडान भएको हुनुपर्नेछ,

(३) विद्युत महसुल अनुदान पाउने प्रणालीले महसुल अनुदान पाएको प्रतिशतसँग मिल्नेगरी उपभोक्ता किसानले पनि व्यक्तिगत रूपमा लाग्ने महसुलमा सहुलियत पाएको हुनुपर्नेछ,

गणेशराज घती
सचिव

(४) यसरी अनुदान प्राप्त लाभग्राही/उपभोक्ता समितिले विद्युत महसुलमा अनुदान प्राप्त गरेपश्चात उपभोक्ता समितिले सञ्चालन खर्च वाहेकको विद्युत महसुलमा प्राप्त छुटको अनुपातमा सम्वन्धित लाभाग्राही उपभोक्तालाई सिंचाइ महसुलमा छुट दिनु पर्नेछ। सो कार्यको अनुगमन कार्यक्रम व्यवस्थापन समितिले गर्नुपर्नेछ र सम्वन्धित उपभोक्ता समितिले अनुदानका लागि पहिलो पटक पहिलो किस्ताको लागि आवेदन दिंदा महसुल छुट गर्नेसम्बन्धी प्रतिवद्धता जनाउनु पर्नेछ भने पहिलो किस्ताको रकमबाट लाभग्राही उपभोक्ताले आनुपातिक छुट पाएको कुनै आधार वा प्रमाण, कागजात पेस नभइन्जेल अर्को किस्ताको रकम प्राप्त गर्न योग्य मानिनेछैन,

(५) विद्युत महसुल अनुदान रकममा विद्युतसम्बन्धी जरिवाना रकम समावेश गरिने छैन,

(६) गण्डकी प्रदेशभित्र सञ्चालनमा रहेका सबै सामुदायिक लिफ्टिङ र भूमिगत सिंचाइ प्रणालीहरू यस मापदण्डबमोजिमका आधारहरूअनुसार विद्युत महसुल अनुदान पाउन योग्य हुनेछन्,

(७) अनुदान प्राप्त हुने प्रणालीको विद्युत सिंचाइ वाहेक अन्य घरायसी तथा व्यावसायिक प्रयोजनमा प्रयोग गर्न पाईने छैन,

(८) संघ वा स्थानीय सरकारबाट बिद्युत महसुल अनुदान लिएका लाभग्राही समुहलाई यो मापदण्ड बमोजिम अनुदान रकम प्रदान गरिने छैन ।

## परिच्छेद-३

## अनुदान कार्यक्रम कार्यान्वयनका लागि सहजीकरण

८. कार्यक्रम सञ्चालन प्रक्रिया: (१) वार्षिक स्वीकृत कार्यक्रममा व्यवस्था भएअनुसार मन्त्रालय वा मातहतका कार्यालयहरूबाट अनुसूची-१ बमोजिमका क्षेत्रहरूमा अनुदान कार्यक्रम कार्यान्वयनका लागि एक आर्थिक वर्षमा एक वा बढीमा दुईपटक अनुसूची-२ बमोजिम न्यूनतम १५ दिनको समयावधि राखी आवेदनका लागि सूचना प्रकाशन गर्नुपर्नेछ। यसरी प्रकाशन गर्नुपर्ने सूचना उक्त आर्थिक वर्षको भाद्र महिनासम्ममा प्रकाशित गर्नुपर्नेछ र सोको जानकारी गाउँपालिका/नगरपालिका कार्यालय समेतलाई दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि साविकमा दर्ता भएका लाभग्राहीले विवरण अध्यावधिक गर्नुपर्नेछ ।

(३) कार्यक्रम सहजीकरणका लागि जिल्लास्थित कार्यालयमा विद्युत महसुलमा अनुदान सहयोगी कक्ष स्थापना गरी सोसम्बन्धी कानूनी दस्तावेज, ढाँचा तथा प्रस्ताव लेखनका लागि सहयोगी सबै सामग्रीहरू उपलब्ध गराइनेछ।

(४) अनुदान सहजीकरण सम्बन्धमा जिल्लास्थित सरोकारवालाहरूसँग अन्तरक्रिया, जनचेतना तथा प्रचारप्रसार लगायतका कार्यहरू सञ्चालन गर्न सकिनेछ।

## परिच्छेद-४

## विद्युत महसुलमा अनुदान

९. **आवेदन संकलन तथा लाभग्राही छनौट:** (१) इच्छुक संस्थाले दफा ८ बमोजिम सूचना प्रकाशन भइसकेपश्चात अनुसूची-३ बमोजिमको ढाँचामा सूचनामा तोकिएको अवधिभित्र कार्यालयमा निवेदन पेस गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भइसकेपश्चात कार्यालयले प्रचलित कानूनबमोजिम दर्ता गर्नु पर्नेछ।

(३) कार्यक्रम व्यवस्थापन समिति तथा कार्यालयले दर्ता भएका निवेदनमा आवश्यक छानविन र जाँचबुझ गरी निवेदन दर्ता गर्ने अवधि समाप्त भएको ३० दिनभित्र बाँडफाँड गर्नुपर्नेछ।

(४) दफा ६ को खण्ड (ख) बमोजिम कार्यक्रम व्यवस्थापन समितिले गरेको सिफारिसको आधारमा निर्देशक समितिले उपलब्ध बजेटको सीमाभित्र रही निर्णय गरी अनुदान पाउने प्रणालीको नाम खुलाई कार्यालयमा पत्राचार गर्नुपर्नेछ। कार्यालयले लाभग्राहीलाई सोको जानकारी गराउनुपर्नेछ।

(५) कार्यालयले उपदफा (४) बमोजिम छनौट भएका लाभग्राहीलाई अनुसूची-४ बमोजिमको ढाँचामा विद्युत अनुदान परिचयपत्र प्रदान गर्नुपर्नेछ।

(६) उपदफा (४) बमोजिम छनौट भई उपदफा (५) बमोजिम परिचयपत्र पाएका लाभग्राहीहरूसँग कार्यालयले अनुसूची - ५ बमोजिम सम्झौता गर्न सक्नेछ। सम्झौताका बुँदाहरू आवश्यकता अनुसार कार्यालयले थपघट गर्न सक्नेछ।

१०. **अनुदान रकम:** (१) यस मापदण्ड बमोजिम नयाँ लाभग्राहीको रूपमा छनौट भई दर्ता भएका तथा विवरण अध्यावधिक गरी अनुदान परिचयपत्र प्राप्त गरेका लाभग्राहीलाई त्रैमासिक वा अर्धवार्षिक रूपमा भुक्तानी गर्न सकिनेछ।

(२) ढिला गरी भुक्तानी भएमा जरिवानाको रकम उपभोक्ता संस्था वा सेवाग्राही आफैंले व्यहोर्नुपर्नेछ।

(३) कार्यक्रम व्यवस्थापन समिति वा कार्यालय वा प्राधिकरण वा विद्युत वितरण कार्यालयको कालोसूचीमा परेका लाभग्राहीलाई अनुदान दिइने छैन।

११. **अनुदान रकम भुक्तानी:** (१) यस मापदण्ड बमोजिम प्रदान गरिने अनुदान रकम भुक्तानीका लागि छनौट भएका लाभग्राही प्रणालीले त्रैमासिक वा अर्धवार्षिक रूपमा विद्युत महसुल तिरेको सक्कल बिल र विद्युत अनुदान परिचयपत्र सहित कार्यालयमा निवेदन पेस गर्नुपर्नेछ।



गणेशराज घर्ती
सचिव

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भए पश्चात कार्यलयले कागजातको अध्ययन गरी आवश्यकता अनुसार स्थलगत अनुगमन गरी भुक्तानी गर्न सक्नेछ।

(३) कार्यालयले लाभग्राहीको बैंक खाता मार्फत् अनुदान रकम भुक्तानी गर्नुपर्नेछ।

## परिच्छेद -५

## अनुगमन र समन्वय

१२. **अनुगमन गर्नुपर्नेः** (१) अनुदान प्राप्त संस्थाले गर्ने कार्यक्रमको अनुगमन कार्यालय तथा कार्यक्रम व्यवस्थापन समितिले गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गरी आवश्यक देखिएको अवस्थामा लाभग्राही कार्यक्रम सञ्चालन गर्ने संस्थालाई लिखित निर्देशन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम दिएको निर्देशन पालना गर्नु सम्बन्धित सबैको कर्तव्य रहनेछ।

## परिच्छेद-६

## विविध

१३. **कारवाहीको व्यवस्थाः** (१) यस मापदण्ड बमोजिम अनुदान दुरूपयोग गर्ने लाभग्राहीलाई कार्यालयले अनुदान रोक्का गरी कारवाही गर्नेछ।

(२) अनुदान प्राप्त गर्ने उद्देश्यले झुट्टा विवरण पेस गरेको, उद्देश्य अनुरूप कार्य नगरेको, पानीको निजी वा व्यवसायिक उपयोग गरेको वा अनुदान रकम दुरूपयोग गरेको प्रमाणित भएमा कार्यालयले त्यस्तो लाभग्राही संस्थालाई कालो सूचीमा समावेश गर्न कार्यक्रम व्यवस्थापन समिति समक्ष सिफारिस गर्न सक्नेछ।

(३) कारवाहीमा परेका लाभग्राहीले कारवाही उपर चित्त नबुझेमा निर्देशक समिति समक्ष पन्ध्र दिनभित्र उजुरी दिन सक्नेछ।

१४. **अभिलेख राख्ने व्यवस्था :** यस मापदण्ड बमोजिम अनुदान प्राप्त गर्ने लाभग्राहीको अनुसूची-६ बमोजिम कार्यालयले अभिलेख अनिवार्य रूपमा राख्ने तथा सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्नेछ।

१५. **बाधा अड्काउ फुकाउ:** यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा आवश्यकताअनुसार मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

१६. **मापदण्ड संशोधन:** यस मापदण्ड आवश्यकता अनुसार मन्त्रालयले संशोधन गर्न सक्नेछ।

१७. **बचाउः** यस मापदण्डमा उल्लेख भएका कुरामा यसै मापदण्ड र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ।



गणेशराज शर्मा
सचिव

# अनुसूची-१

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

## विद्युत महसुलमा अनुदान उपलब्ध गराइने क्षेत्रहरू

| क.सं. | अनुदान शीर्षक | क्षेत्रहरू |
|---|---|---|
| १ | विद्युत महसुलमा अनुदान उपलब्ध गराइने क्षेत्र | लिफ्टिङ सिंचाइ र भूमिगत सिंचाइ |
| | | |

## अनुसूची-२

(दफा ८ को उपदफा (१) सँग सम्वन्धित)

## विद्युत महसुलमा अनुदान कार्यक्रम सम्बन्धी सूचना

.................. कार्यालयको आ.व. .................... को वार्षिक स्वीकृत कार्यक्रमअनुसार विद्युत महसुल अनुदान कार्यक्रम प्रारम्भ भएकोले गण्डकी प्रदेशभित्रका लिफ्टिङ सिंचाइ र भूमिगत सिंचाइले आ.व. ................ को लागि **"लिफ्टिङ सिंचाइ प्रणालीमा विद्युत महसुल अनुदानसम्बन्धी मापदण्ड,२०८०"** बमोजिम कार्यक्रममा सहभागी हुन सूचना आह्वान गरिएको छ । थप जानकारीका लागि ................ सम्बन्धित जिल्लास्थित ...............................................कार्यालयमा सम्पर्क राख्न अनुरोध छ।

.................................... कार्यालय

....................................

सम्पर्क नं....................

ईमेल............................

वेभसाईट........................

गणेशराज बस्ती
सचिव

अनुसूची-३

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

## लिफ्टिङ सिंचाइ प्रणालीमा विद्युत महसुलमा अनुदान आवेदन फारम तथा संलग्न कागजातहरू

श्री...................

.......................

विषय : विद्युत महसुलमा अनुदानका लागि प्रस्ताव पेस गरिएको बारे ।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति......................... गते प्रकाशित सूचनाअनुसार ....................... अनुदान प्राप्त गर्ने प्रयोजनको लागि तपसिलअनुसारका कागजातहरू यसैसाथ संलग्न राखी यो निवेदन पेस गर्दछु।

तपसिलः

१) लिफ्टिङ सिंचाइ / भूमिगत सिंचाइ प्रणालीको नाम/ठेगाना...................................................

२) प्रस्ताव फारमः

३) प्रणालीको नाम र ठेगानाः

४) लाभग्राहीको दर्ता प्रमाण पत्रको प्रतिलिपि, पछिल्लो आ.व.को नवीकरणः

५) विद्युत महसुल लाभग्राही परिचय पत्रको प्रतिलिपिः

६) विद्युत महसुल तिरेको बिल भर्पाइः

७) प्रदेश सरकारले विद्युत महसुलमा दिने अनुदानको अनुपातमा सेवाग्राहीलाई छुट दिने बारे लाभग्राहीको संस्थागत प्रतिबद्धताः

८) लिफ्टिङ सिंचाइ प्रणालीको नेट हेड ............... मिटर

९) पम्पको कूल क्षमताः ................................ हर्सपावर

१०) स्वीकृत क्षमता :................................... KVA

११) मिटर रिडिंग हिस्ट्रीः

१२) अघिल्लो आर्थिक वर्षको विलिङ हिस्ट्रीः

१३) लाभग्राहीको खाता भएको वैंकको नामः

१४) लाभग्राहीको वैंक खाता नंः

१५) लाभग्राहीको वैंक खाताको चेकको फोटोकपीः



गणेशराज घती
सचिव

गण्डकी प्रदेश सरकार, ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, पोखरा, नेपाल

१६) कार्यक्रमको लागत इष्टिमेटः-

| क्र.सं. | विद्युतबाट सञ्चालन हुने उपकरणहरू | दैनिक सञ्चालन हुने समय (घण्टा) | वार्षिक सञ्चालन हुने दिन संख्या | वार्षिक अनुमानित खपत युनिट (kWh) | अनुमानित विद्युत महसुल रू. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जम्मा | | | | | |
| २. | अनुदान रकम रू. | | | | | |

१७) अन्य कागजातहरूः

महसुल अनुदान वा बढी अनुदान पाउनका लागि कुनै किसिमको झुट्टा विवरण पेस गरेको छैन । संघीय सरकार वा स्थानीय तहबाट सोही सिंचाइ प्रणालीको लागि यस किसिमको महसुल अनुदान लिएको छैन । यदि झुट्टा विवरण पेस गरेको प्रमाणित भएमा झुट्टा विवरणको कारणबाट पाएको रकम प्रचलित कानूनअनुसार असुल उपर गरी आउने दुई वर्षसम्म यस मापदण्डअनुसार महसुल अनुदान नपाउने गरी कालो सूचीमा राख्न मन्जुर छौं/छु ।

निवेदकको

नामः..................................

हस्ताक्षरः............................

ठेगानाः...............................

सम्पर्क नं.:..........................

संस्थाको छापः.....................

गणेशराज घर्ती
सचिव

अनुसूची-४

(दफा ९ को उपदफा (५) सँग सम्बन्धित)

## विद्युत अनुदान लाभग्राही परिचय पत्रको ढाँचा

परिचय पत्र नम्बरः .....................................

विद्युत अनुदान प्राप्त गरेको प्रणाली/प्रणालीको नामः

उपभोक्ता समितिको नामः

ठेगानाः

प्रणालीको किसिमः लिफ्टिङ सिंचाइ / भूमिगत सिंचाइ

सिंचित क्षेत्रफल (हेक्टर)

- प्रणाली कार्यान्वयन सुरू गर्दाको लक्षियत क्षेत्रफल (Net Command Area) .............. हेक्टर
- हालको अवस्थाको खुद सिंचित क्षेत्रफल (Net Command Area) ........................ हेक्टर

लिफ्टिङ सिंचाइ प्रणालीको नेट हेड ................ मिटर

पम्पको कूल क्षमताः ................................ हर्सपावर

सम्पर्क नं.:..............................................

बैंकको नाम र शाखाः

खाता नं.:...................................

PAN नम्बरः ....................................

परिचय पत्रको

जारी मितिः

जारी गर्ने अधिकारीको नाम र पदः

हस्ताक्षरः

कार्यालयको छापः

| सम्झौता प्रयोजन | | | | भुक्तानी प्रयोजन | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | अनुमानित खपत युनिट | कर्मचारीको सही | भुक्तानी माग मिति | खुद खपत युनिट | जम्मा महसुल रू. | जम्मा अनुदान रू. | अनुदान प्रदान गर्ने कार्यालय प्रमुखको सही र छाप |
| देखि | सम्म | | | | | | | |
| | | | | | | | | |

गणेशराज बस्ती
सचिव

## अनुसूची-५

(दफा ९ को उपदफा (६) सँग सम्बन्धित)

### विद्युत अनुदान प्रदान गर्न गरिने सम्झौता पत्रको ढाँचा

.............. कार्यालय र ....................... बीच ................ प्रणाली सञ्चालन गर्न आवश्यक विद्युत महसुलमा अनुदान प्रदान गर्नका लागि भएको

**सम्झौता पत्र**

(१) यस सम्झौता पत्र ............. (यस पछि प्रथम पक्ष भनिने) र .......................... (यस पछि दोस्रो पक्ष भनिने) ................................. प्रणाली सञ्चालन गर्न आवश्यक विद्युत महसुलमा अनुदान प्रदान गर्ने प्रयोजनका लागि प्रयोग गरिनेछ।

(२) यस सम्झौता, सम्झौता भएको मितिदेखि प्रारम्भ हुनेछ।

(३) दोस्रो पक्षले यस सम्झौता अनुसार तोकिएको युनिट विद्युत सिंचाइ कार्य बाहेक अन्य कार्यको लागि विद्युत प्रयोग गर्नु हुँदैन।

(४) दोस्रो पक्षले आफ्नै स्रोत बाहेक अन्य कुनै सरकारी वा गैर सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रूपमा प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ।

(५) अनुदान रकम त्रैमासिक/अर्ध वार्षिक रूपमा प्रथम पक्षले दोश्रो पक्षको बैंक खातामार्फत् उपलब्ध गराउनेछ। यस सम्झौता बमोजिमको कार्य सञ्चालन गर्न दोश्रो पक्षले कुनै पनि प्रकारको पेश्की दाबी गर्न पाउने छैन।

(६) प्रदेश सरकारबाट विद्युत महसुलमा छुट प्राप्त गरेपश्चात उपभोक्ता समितिले विद्युत महसुलमा पाएको छुटको अनुपातमा उपभोक्तालाई सिंचाइ महसुलमा छुट दिनुपर्नेछ।

(७) यस सम्झौतामा उल्लेख भएका कुराहरू यसै बमोजिम र अन्य कुराहरूमा प्रचलित कानून अनुसार हुनेछ ।

......................

प्रथम पक्षका तर्फबाट

नामः

पद :

हस्ताक्षरः

..............................

दोस्रो पक्षका तर्फबाट

नामः

पद :

हस्ताक्षरः

## अनुसूची-६

(दफा १४ सँग सम्वन्धित)

## लाभग्राहीको अभिलेख ढाँचा

आ.व.:

कार्यक्रमको नाम:

| क.सं. | लाभग्राही संस्थाको नाम | ठेगाना | सम्पर्क नं. | सिंचाइ प्रणालीको किसिम (लिफ्टिङ/भूमिगत) | कार्यक्रमको जम्मा लागत रू. | अनुदान प्रतिशत | अनुदान रकम रू. | लाभान्वित घरधुरी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

गणेशराज बस्ती
सचिव